# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी राम सुरत पालसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादी साविक कृषि ज्ञान केन्द्र, हुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख राम सुरत पाल (गडरिया)** लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसूरमा बिगो रु.११,२६,५२८/८९ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा समेत ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन,

**प्रतिवादी साविक कृषि ज्ञान केन्द्र, हुम्लाका तत्कालीन सव-ईन्जिनियर दिल बहादुर बोहरा**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसूरमा बिगो रु. ११,२६,५२८/८९ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी उक्त बिगो असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा समेत ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन,

**प्रतिवादीहरु सृजनशील कृषि सहकारी संस्था लि., सर्केगाड, हुम्लाका तत्कालीन अध्यक्ष प्रयाग लाल बुढा, सचिव नन्द बहादुर रोकाया, कोषाध्यक्ष रामशिला रोकाया र सदस्य प्रेम बहादुर बुढालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर भएको हुदाँ निज प्रतिवादीहरुलाई बिगो रु. ११,२६,५२८/८९ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उक्त बिगोसमेत जफत हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा
विशेष अदालतको मिति २०८०/११/२४ को फैसलाबाट निम्न आधारमा सफाई दिएकोः-

- विशेष अदालत ऐन,२०५९ को दफा ७ (क) बमोजिम बुझिएका साक्षीहरुले गरेको बकपत्र समेतबाट प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरले पुष्टि भएको नदेखिएको।
- काम सम्पन्न भएको तीन वर्ष भन्दा बढी समयपछि स्थलगत नापजाँच गरेको देखिदा निर्माण हुँदाको अवस्थामा जस्तै निर्माण भएको संरचना नहुन पनि सक्ने हुदा विश्वासनीय एवम् भरपर्दो प्रमाणको अभावमा आरोपित व्यक्तिलाई कसूरदार ठहर गर्न नमिल्ने।
- स्थलगत मुचुल्कामा निर्मित संरचनाको उल्लेख गरिएको नापको परिमाणलाई समर्थन नहुने गरी स्थलगत मुचुल्कामा रहेका व्यक्तिले बकपत्र गरेको ।
- सम्वन्धित प्रतिवेदकहरुको बकपत्रबाट कुलोको मुहानदेखि नाप गरेको भन्ने नदेखिएको तथा स्थलगत नापजाँच गर्दा निर्माण भएको संरचनाको वास्तविक नाप उल्लेख गरेको भन्ने नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१३ मा पुनरावेदन गरिएको छः-

<u>देहाय</u>:

- साविक कृषि ज्ञान केन्द्र, हुम्लाको आ.व. २०७५/७६ को सहकारी नमूना गाउँ स्थापना तथा सन्चालन कार्यक्रम अन्तर्गतको उमान्दे खोला देखि बल्देकांध सिंचाई कुलो निर्माण र जग्गा घेरबारको काम समेत

स्थलगत नापजाँच गर्दा हाल जिवीत रहेका १०४ वटा केराका बोटहरु, जग्गा घेरबारको लम्बाई लगभग ११४.७० मिटर, चौडाई ०.५४ मिटर, उचाई १.१५ मिटर रहेको तथा सिंचाई कुलोको लम्बाईमा पि.सि.सि. गरेको २११.३ मिटर, माटो कटिङ्ग मात्र गरेको १०० मिटर, ५९.४ मिटर माटो कटिङ्ग गरेको कुलो स्थानीय व्यक्तिले घर निर्माण गरेकोले नदेखिएको, HDPE पाईप ११० एम.एम.को १० मिटर, HDPE पाईप ९० एम.एम.को १३ मिटर, १ वटा पि. सि. सि. गरेको डिष्ट्रिव्युसन च्याम्बर, ड्राई स्टोन वाल समेत स्थलमा भएको व्यहोरा ठिक साँचो हो भन्ने समेत व्यहोरा उल्लेख भएको प्राविधिक टोलीले सृजनशील कृषि सहकारी संस्था लि. का अध्यक्ष समेतको रोहवरमा उक्त योजनाको स्थलगत नापजाँच गरी तयार गरिएको स्थलगत मुचूल्काबाट देखिएको।

- साविक कृषि ज्ञान केन्द्र, हुम्लाको आ.व. २०७५/७६ को सहकारी नमूना गाउँ स्थापना तथा सन्चालन कार्यक्रम अन्तर्गतको उमान्दे खोला देखि बल्देकांध सिंचाई कुलो निर्माण र जग्गा घेरबारको कामसमेत स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट उक्त सिंचाई तथा फार्म घेरबार योजनाको मूल्यांकन गर्दा रु.११,२६,५२८/८९ बराबरको रकम कृषि ज्ञान केन्द्र, सिमकोट, हुम्लाबाट बढी रकम भुक्तानी भएको भन्ने समेत व्यहोराको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतबाट निज प्रतिवादीहरुले मिलेमतो गरी यथार्थ कार्य भन्दा बढी परिमाणको काम भएको भनी झुट्टा नापी किताब, मूल्यांकन, बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी बढी भुक्तानी लिए दिएको मिसिल संलग्न सबूद प्रमाणहरुवाट पुष्टि भईरहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायोचित मुल्याङ्कन नगरी सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।
- प्रतिवेदकले मौकाको प्रतिवेदन वेहोरालाई समर्थन गरी अदालतमा उपस्थित भै बकपत्र गरी दिएको। बकपत्रको क्रममा प्रतिवेदक सुनिल कुमार चौधरीले मिति २०७९।०३।१३ को स्थलगत मुचुल्का र २०७९।०३।२० को स्थलगत प्रतिवेदन र मिति २०७९।०३।२१ को प्राविधिक प्रतिवेदन वेहोरा र सहिछाप मेरो हो हामीहरु त्यहाँ निरीक्षण गर्न जाँदा घेराबार, कूलो र केराघारी थियो।सम्झौता अनुसार काम भएको थियो थिएन भन्ने तत्काल निरीक्षणबाट नै एकिन हुने कुरो नभएकाले पछि सो कामको मूल्याङ्कन गरेपछि सम्झौता बमोजिम काम नभई बढी भुक्तानी भएको देखिएको हो भनी स्पष्ट खुलाई बकपत्र गरी दिएबाट प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भईरहेकोमा बुझिएका साक्षीहरुले गरेको बकपत्र समेतबाट प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरले पुष्टि भएको नदेखिएको भनी प्रमाण ऐन,२०३१ को दफा १८ को कानूनी व्यवस्था एवं मिसिल संलग्न तथ्य प्रमाणलाई अनदेखा गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

<u>**देहायः**</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **राम सुरत पाल (गडरिया) समेत ६ जना भएको** (वि.अ. को( मुद्दा नं. ०७९-CR-००९१वि.अ. को फैसला मिति २०८०।११।२४ | गैरकानुनी हानी पुऱ्याउने बदनियत ले कृषि पूर्वाधार निर्माण कार्यमा भ्रष्टाचार गरेको। | साविक कृषि ज्ञान केन्द्र, हुम्लाको आ.व. २०७५/७६ को सहकारी नमूना गाउँ स्थापना तथा सन्चालन कार्यक्रम अन्तर्गतको उमान्दे खोला देखि बल्देकाध सिंचाई कुलो निर्माण र सहकारी नमूना गाउँको जग्गा घेरवार कार्यमा भएको बास्तविक कार्य भन्दा बढी काम भएको भनी झुट्टा बिल, भरपाई, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाई रु.११,२६,५२८/८९ (अक्षरेपी एघार लाख छब्बीस हजार पाँच सय अठ्ठाईस र पैसा उनान्नब्बे मात्र) बढी भुक्तानी लिई दिई आफूलाई गैरकानूनी लाभ पुऱ्याएको र प्रदेश सरकारलाई गैरकानूनी हानी पुऱ्याएको स-प्रमाण पुष्टि भएको देखिएकोले प्रतिवादी साविक कृषि ज्ञान केन्द्र, हुम्लाका तत्कालीन निमित्त कार्यालय प्रमुख राम सुरत पाल (गडरिया) को हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसूर भएको हुदाँ निज प्रतिवादीलाई बिगो रु. ११,२६,५२८/८९ (अक्षरेपी एघार लाख छब्बीस हजार पाँच सय अठ्ठाईस र पैसा उनान्नब्बे मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर समेत भएको हुदाँ निजलाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन समेतको मागदाबी रहेको छ।<br>**प्रतिवादी साविक कृषि ज्ञान केन्द्र, हुम्लाका तत्कालीन सव-ईन्जिनियर दिल बहादुर बोहराको हकमाः** | **१. फैसलाः**<br>विशेष अदालतबाट सम्पुर्ण प्रतिवादीहरु राम सुरत पाल (गडरिया, दिल बहादुर बोहरा, प्रयाग लाल बुढा, नन्द बहादुर रोकाया, रामशिला रोकाया र प्रेम बहादुर बुढाले आरोपित कसूरवाट सफाई पाउने ठहर गरी मिति २०८०।११।२४ फैसला भएको ।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) अख्तियार दरूपयोग अनुसन्धान आयोगको तर्फबाट आरोपदाबीको कुलो र घेरबार निर्माणको स्थलगत नापजाँच गरिएको मुचुल्कामा सिंचाई कुलो सञ्चालनमा रहेको र जग्गा घेरबार राम्रै अवस्थामा रहेको,कटिङ गरिएको कुलो स्थानिय व्यक्तिले घर निर्माण गरेकोले नदेखिएको भन्ने वेहोरा उल्लेख भएको।<br>ख) विशेष अदालत ऐन,२०५९ को दफा ७ (क) बमोजिम बुझिएका साक्षीहरुले गरेको बकपत्र समेतबाट प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरले पुष्टि भएको नदेखिएको।<br>ग) काम सम्पन्न भएको तीन वर्ष भन्दा बढी समयपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले स्थलगत नापजाँच गरेको देखिदा निर्माण हुँदाको अबस्थामा जस्तै निर्माण भएको संरचना नहुन पनि सक्ने हुदा विश्वासनीय एवम् भरपर्दो प्रमाणको अभावमा आरोपित व्यक्तिलाई कसूरदार ठहर गर्न | क) साविक कृषि ज्ञान केन्द्र, हुम्लाको आ.व. २०७५/७६ को सहकारी नमूना गाउँ स्थापना तथा सन्चालन कार्यक्रम अन्तर्गतको उमान्दे खोला देखि बल्देकांध सिंचाई कुलो निर्माण र जग्गा घेरबारको काम समेत अनुदान प्राप्त रकमबाट गरेको हो र सो स्थान तल्लो बल्देकांध, सर्केगाड गाउँपालिका वडा नं. १ मा पर्दछ । हाल सिंचाई कुलो सन्चालनमा रहेको र जग्गा घेरबार राम्रै अबस्थामा छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्राविधिक सहितको डोर टोलीले हाम्रो रोहवरमा गरेको स्थलगत नापजाँच गर्दा हाल जिवीत रहेका १०४ वटा केराका बोटहरु, जग्गा घेरबारको लम्बाई लगभग ११४.७० मिटर, चौडाई ०.५४ मिटर, उचाई १.१५ मिटर रहेको तथा सिंचाई कुलोको लम्बाईमा पि.सि.सि. गरेको २११.३ मिटर, माटो कटिङ्ग मात्र गरेको १०० मिटर, ५९.४ मिटर माटो कटिङ्ग गरेको कुलो स्थानीय ब्यक्तिले घर निर्माण गरेकोले नदेखिएको, HDPE पाईप ११० एम.एम.को १० मिटर, HDPE पाईप ९० एम.एम.को १३ मिटर, १ वटा पि. सि. सि. गरेको डिष्ट्रिव्युसन च्याम्बर, ड्राई स्टोन वाल समेत स्थलमा भएको व्यहोरा ठिक साँचो हो भन्ने समेत व्यहोरा उल्लेख भएको आयोगको कार्यालय, सुर्खेतको शाखा अधिकृत भीम प्रकाश खत्री समेतको प्राविधिक टोलीले सृजनशील कृषि सहकारी संस्था लि. का अध्यक्ष समेतको रोहवरमा उक्त योजनाको स्थलगत नापजाँच गरी तयार गरिएको स्थलगत मुचूल्काबाट देखिन्छ।<br>यसैगरी स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट उक्त सिंचाई तथा फार्म घेरबार योजनाको मूल्यांकन गर्दा रु.११,२६,५२८/८९ (अक्षरेपी एघार लाख छब्बीस हजार पाँच सय अठ्ठाईस र पैसा उनान्नब्बे मात्र) बराबरको रकम कृषि ज्ञान केन्द्र, सिमकोट, हुम्लाबाट बढी रकम भुक्तानी भएको भन्ने समेत व्यहोराको संघीय आयोजना कार्यान्वन ईकाई, सुर्खेतका सव-इन्जिनियर सुनिल कुमार चौधरीले पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतबाट निज प्रतिवादीहरुले मिलेमतो गरी यथार्थ कार्य भन्दा बढी परिमाणको काम भएको भनी झुट्टा नापी किताब, मूल्यांकन, बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.११,२६,५२८/८९ बढी भुक्तानी लिए दिएको मिसिल संलग्न सबूद प्रमाणहरुवाट पुष्टि भईरहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायोचित मुल्याङ्कन नगरी विशेष अदालतबाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ख) प्रतिवेदक मोहन विष्ट,भीमप्रकाश खत्री,चन्द्रबहादुर शाही र सुनिल कुमार चौधरीले मौकाको प्रतिवेदन वेहोरालाई समर्थन गरी अदालतमा उपस्थित भै बकपत्र गरि दिएका छन्। बकपत्रको क्रममा प्रतिवेदक सुनिल कुमार चौधरीले मिति २०७९।०३।१३ को स्थलगत मुचुल्का र २०७९।०३।२० को स्थलगत प्रतिवेदन र मिति २०७९।०३।२१ को प्राविधिक प्रतिवेदन वेहोरा र सहिछाप मेरो हो हामीहरु त्यहाँ निरीक्षण गर्न जाँदा घेराबार,कूलो र केराघारी थियो।सम्झौता अनुसार काम भएको थियो थिएन भन्ने तत्काल निरीक्षणबाट नै एकिन हुने कुरो नभएकाले पछि सो कामको मूल्याङ्कन गरेपछि सम्झौता बमोजिम काम नभई बढी भुक्तानी भएको देखिएको हो भनि स्पष्ट खुलाई बकपत्र गरि दिएबाट प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भईरहेकोमा विशेष अदालत ऐन,२०५९ को दफा ७ (क) बमोजिम बुझिएका साक्षीहरुले गरेको बकपत्र समेतबाट प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरले पुष्टि भएको नदेखिएको भनि प्रमाण ऐन,२०३१ को दफा १८ को कानूनी व्यवस्था एवं मिसिल संलग्न तथ्य प्रमाणलाई अनदेखा गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ग) साविक जिल्ला कृषि बिकास कार्यालय, हुम्लाबाट केरा खेती फर्म सञ्चालन गर्नको लागि रु ३० लाख बराबरको योजना पठाई सोहि वडामा रहेको सृजनशील कृषि सहकारी संस्थालाई केरा खेती फार्म सञ्चालनको जिम्मा दिइएकोमा सो संस्थाले केहि पुरानो केरा खेतीलाई देखाई सबै रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको |

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कसूर भएको हुदाँ निज प्रतिवादीलाई बिगो रु. ११,२६,५२८/८९ (अक्षरेपी एघार लाख छब्बीस हजार पाँच सय अठ्ठाईस र पैसा उनान्नब्बे मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी उक्त बिगो असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरसमेत गरेको हुदाँ निजलाई ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदाबी रहेको छ।

**प्रतिवादीहरु सृजनशील कृषि सहकारी संस्था लि., सर्केगाड, हुम्लाका तत्कालीन अध्यक्ष प्रयाग लाल बुढा, सचिव नन्द बहादुर रोकाया, कोषाध्यक्ष रामशिला रोकाया र सदस्य प्रेम बहादुर बुढाको हकमाः**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर भएको हुदाँ निज प्रतिवादीहरुलाई बिगो रु. ११,२६,५२८/८९ (अक्षरेपी एघार लाख छब्बीस हजार पाँच सय अठ्ठाईस र पैसा उनान्नब्बे मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उक्त बिगोसमेत जफत हुन समेतको मागदाबी लिईएको।

नमिल्ने।

घ) स्थलगत मुचुल्कामा निर्मित संरचनाको उल्लेख गरिएको नापको परिमाणलाई समर्थन नहुने गरी स्थलगत मुचुल्कामा रहेका व्यक्तिले बकपत्र गरेको ।

ङ) सम्वन्धित प्रतिवेदकहरुको बकपत्रबाट कुलोको मुहानदेखि नाप गरेको भन्ने नदेखिएको तथा स्थलगत नापजाँच गर्दा निर्माण भएको संरचनाको वास्तविक नाप उल्लेख गरेको भन्ने नदेखिएको।

उजुरी परी अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेतबाट खटी गएको टोलीले गरेको स्थलगत मुचुल्काको रोहबरमा उक्त वडा नं.१ का वडा सदस्य झला नेपाली, सृजनशील कृषि सहकारी संस्था लि., सर्केगाड, हुम्लाका तत्कालीन अध्यक्ष प्रतिवादी प्रयाग लाल बुढा समेतले विधि सम्मत मुचुल्कामा सहिछाप गरेको देखिन्छ। प्रतिवादी प्रयाग लाल बुढाले अनुसन्धानको क्रममा वयान गर्दा उक्त मुचुल्का ठीक साँचो हो भनि वयान गरेको देखिन्छ। पछि अदालतमा वयानको क्रममा कसूरबाट उन्मुक्ति पाउने मनसायले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेतबाट खटी गएको टोलीले राम्रोसंग नापजाँच नगरेको, आयोगको प्राविधिक प्रतिवेदन गलत हो भनि आरोपित कसूरमा इन्कार रही वयान गरेको र निज प्रतिवादी समेतको कसूरमा इन्कारी वयान कथनलाई आधार मानी अन्य मिसिल संलग्न तथ्यगत सबूद प्रमाणको एवं स्वतन्त्र प्रमाणहरुको मूल्याङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै खारेज भागी रहेको छ।

घ) प्रतिवेदकहरुको बकपत्रबाट कुलोको मुहानदेखि नाप गरेको भन्ने नदेखिएको तथा स्थलगत नापजाँच गर्दा निर्माण भएको संरचनाको वास्तविक नाप उल्लेख गरेको भन्ने नदेखिएको भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला मिलेको छैन। प्रतिवेदकले स्पष्ट वेहोरा उल्लेख गरी मौकामा पेश गरेको देहाय बमोजिमको स्थलगत नापजाँच विवरण तथा अदालतमा उपस्थित भई उक्त स्थलगत नापजाँच मुचुल्कालाई समर्थन हुने गरी गरेको बकपत्र समेतवाट आरोपदावी पुष्टि भईरहेकोमा मिसिल संलग्न बस्तुनिष्ठ तथ्यगत सबुद प्रमाणहरुलाई नजरअन्दाज गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।

स्थलगत नापजाँच विवरण

| आईटमको नाम | परिमाण (Quantity) | | फरक परिमाण (घटि/ बढी) | स्वीकृत दररेट, रु. | फरक रकम, रु. |
|---|---|---|---|---|---|
| | नापी कितावमा भएको | फिल्डमा भएको | | | |
| **१. उमान्दे खोलादेखि बल्देकाध सिंचाई कुलो निर्माण** | | | | | |
| Excavation in all type of soil | ४८.६० | ४२.५९ | -६.०१ | ११२१.६४ | -६,७४५.७२ |
| Dry stone wall | ६९.८३ | १३.९२ | -५५.९१ | ६१३५.०० | -३,४३,००७.८५ |
| Stone soling | १९.९५ | ६.३४ | -१३.६१ | ६९१२.०० | -९४,०७९.२३ |
| 12.5 mm plaster work | ३९९.०० | १९०.१७ | -२०८.८३ | १५५७.०० | -३,२५,१४८.३१ |
| 75 mm HDPE pipe | २००.०० | २३.०० | -१७७ | ७२५.२० | -१,२८,३६०.४० |
| **२. फार्म घेरवार निर्माण** | | | | | |
| Excavation in all type of soil | २८.०० | २४.७८ | -३.२२ | ११२०.६४ | -३,६१३.८४ |
| Dry stone wall | १०८.०० | ७१.२३ | -३६.७७ | ६१३४.५० | -२,२५,५७३.५४ |

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>-११,२६,५२८.८९</td></tr></table>
ङ) प्रस्तुत मुद्दाका सम्पूर्ण प्रतिवादीहरु रोहबरमा नरहेको भएतापनि प्रतिवादी मध्येका सृजनशील कृषि सहकारी संस्थाका अध्यक्ष प्रयागलाल बुढा साथै जनप्रतिनिधिको रुपमा सो वडाका वडा सदस्य समेतको रोहबरमा मुचुल्का भएको देखन्छ। प्रतिवादी प्रयागलाल बुढाले अनुसन्धानमा वयान गर्दा अनुसन्धानको क्रममा तयार भएको मुचुल्कालाई अन्यथा भन्न सकेको नदेखिएको हुँदा प्रतिवादीहरुको मिलेमतो र संलग्नतामा सहकारी नमूना गाउँ स्थापना तथा सन्चालन कार्यक्रम अन्तर्गतको उमान्दे खोला देखि बल्देकाध सिंचाई कुलो निर्माण र सहकारी नमूना गाउँको जग्गा घेरवार कार्यमा भएको यथार्थ कार्य भन्दा बढी परिमाणको काम भएको भनी झुट्टा नापी किताब, मूल्याङ्कन बिल तथा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी सृजनशील कृषि सहकारी संस्थालाई बदनियतपूर्वक रु.११,२६,५२८/८९ (अक्षरेपी एघार लाख छब्बीस हजार पाँच सय अठ्ठाईस र पैसा उनान्नब्बे मात्र) बढी भुक्तानी दिई प्रदेश सरकारलाई गैरकानूनी हानी पुऱ्याएको मिसिल संलग्न सबूद प्रमाणहरुवाट पुष्टि हुँदाहुदै सो तथ्य प्रमाणहरुलाई अनदेखा गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br><br>अतः उल्लिखित आधार, कारणबाट विशेष अदालत काठमाडौबाट भएको माथि उल्लिखित फैसला त्रुटिपूर्ण देखिंदा बदर गरी निज प्रतिवादीहराम सुरत पाल (गडरिया, दिल बहादुर बोहरा, प्रयाग लाल बुढा, नन्द बहादुर रोकाया, रामशिला रोकाया र प्रेम बहादुर बुढा लाई आरोपदावी वमोजिम कसुर ठहर गरी सजाय गरी पाउन सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन पत्र दर्ता गरिएको छ।</td></tr>
</table>